जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २५८ | २०८३ साल बैशाख २० गते आईतवार | Sunday-03-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## फेटा गाउँपालिकामा युवा नेता उमेश दुबेप्रति बद्दो आकर्षण, 'जनता सरकार' अभियानमा युवाको सहभागिता बढ्दै

*शु.आ. सम्बाददाता*
*बारा, १८ बैशाख*

बारा जिल्लाको फेटा गाउँपालिकामा युवा नेता उमेश दुबेप्रति जनसमर्थन उल्लेख्य रूपमा बढ्दै गएको पाइएको छ । पछिल्लो तीन वर्षदेखि निरन्तर समाज सेवामा सक्रिय रहँदै आएका दुबेले सुरु गरेको 'जनता सरकार' अभियानले स्थानीय युवाहरूलाई समेत आकर्षित गर्न थालेको छ । जनताको दैनिक समस्यासँग प्रत्यक्ष जोडिएर काम गर्दै आएका कारण उनीप्रति विश्वास बढ्दै गएको स्थानीयहरू बताउँछन् ।




स्थानीय तहदेखि संघीय तहसम्मका निर्वाचनहरूमा ठूला-ठूला प्रतिबद्धता जनाउने नेताहरू निर्वाचनपछि जनतासँग टाढिने प्रवृत्ति देखिएको अवस्थामा, दुबे भने चुनाव नलडेका भए पनि निरन्तर जनताको बीचमै सक्रिय रहँदै आएकोले उनको लोकप्रियता बढेको हो । स्थानीय बासिन्दाहरूका अनुसार, उनी केवल वाचा गर्ने होइन, व्यवहारमै काम गरेर देखाउने नेता हुन् ।

फेटा गाउँपालिका वडा नम्बर २ का स्थानीय राजन पटेलले यसपटकको स्थानीय तह निर्वाचनमा दुबेप्रति जनलहर देखिएको दाबी गरे । उनका अनुसार, प्रतिनिधि सभा निर्वाचनमा देखिएको जनसमर्थन जस्तै अब स्थानीय तहमा पनि दोहोरिने विश्वास गरिएको छ । "जनताको सुख-दुःखमा सधैं साथ दिने व्यक्ति भएकाले यसपालि उहाँलाई निर्वाचित गराउने वातावरण बन्दै गएको छ," उनले भने ।

त्यसैगरी, अन्य स्थानीयहरूका अनुसार दुबेले आपत्कालीन अवस्थामा सहयोग गर्ने, गरिब तथा असहाय नागरिकहरूको उपचारमा व्यक्तिगत खर्चबाट सहयोग गर्ने जस्ता कार्यहरू नियमित रूपमा गर्दै आएका छन् । फेटा गाउँपालिका वडा नम्बर ४ का एक युवाले भने, "निर्वाचित जनप्रतिनिधिले गर्न नसकेको काम दुबेले गरेर देखाएका छन् । पानीको समस्या भएको बेला पाइप वितरणदेखि लिएर टावर लाइट जडानसम्मका काम उनले गरेका छन् ।"

उनीका अनुसार, फेटा गाउँपालिका भित्र ४ सयभन्दा बढी नागरिकको आँखा शल्यक्रियामा सहयोग गरिएको छ भने विभिन्न स्वास्थ्य समस्यामा परेका नागरिकहरूलाई अस्पतालसम्म पुऱ्याउने तथा उपचार गराउने कार्यमा पनि दुबे अग्रसर देखिएका छन् । यस्ता सामाजिक कार्यहरूले स्थानीय समुदायमा सकारात्मक प्रभाव पार्दै गएको देखिन्छ ।

खेलकुद क्षेत्रमा समेत दुबे सक्रिय रहेको स्थानीय युवाहरू बताउँछन् । क्रिकेट, कुस्ती, कराते लगायत विभिन्न खेलकुद गतिविधिमा उनले खेलाडीहरूको मनोबल बढाउने र

## मटिअर्वा-गण्डक चोक सडकखण्डमा डोजर, अवैध संरचना हटाउन सुरु

*शु.आ. सम्बाददाता*
*बारा, १८ बैशाख*



कलैया उपमहानगरपालिका-१० अन्तर्गत पर्ने मानमत-मटिअर्वा सडकखण्डमा सडक सीमा मिचेर निर्माण गरिएका अवैध घरटहरा हटाउने अभियान तीव्र पारिएको छ । उपमहानगरपालिकाले आइतबारदेखि मटिअर्वा गण्डक चोकदेखि भन्सार क्षेत्रसम्म डोजर प्रयोग गरी अतिक्रमित संरचना भत्काउन सुरु गरेको हो । स्थानीय तहका अनुसार उक्त सडकखण्डको दायाँ-बायाँ १५/१५ मिटर क्षेत्रभित्र पर्ने सार्वजनिक जग्गा वर्षौंदेखि विभिन्न व्यक्तिहरूले अतिक्रमण गरी घर, टहरा तथा अस्थायी संरचना निर्माण गरेका थिए । सडक विस्तार, यातायात व्यवस्थापन तथा दीर्घकालीन सहरी योजना कार्यान्वयनमा बाधा पुऱ्याउँदै आएको भन्दै उपमहानगरपालिकाले अतिक्रमण हटाउने निर्णय लिएको हो । वडा नम्बर १० का वडा अध्यक्ष महम्मद मिया ठकुराईले सार्वजनिक जग्गा संरक्षण र व्यवस्थित शहरी विकासका लागि अभियान सुरु गरिएको जानकारी दिए । उनका अनुसार पूर्वसूचना दिइएपछि पनि स्वेच्छाले संरचना नहटाइएपछि बाध्य भएर डोजर प्रयोग गर्नुपरेको हो । "सार्वजनिक सम्पत्ति जोगाउने र सडकलाई मापदण्डअनुसार विस्तार गर्ने उद्देश्यले यो कदम चालिएको हो," उनले भने । उक्त क्षेत्रमा अतिक्रमण हटाउने कार्य सुरु भएसँगै केही स्थानीयवासीले असन्तुष्टि जनाएका छन् । उनीहरूले वैकल्पिक व्यवस्था बिना नै संरचना हटाइएको गुनासो गरेका छन् भने कतिपयले लामो समयदेखि बसोबास गर्दै आएको दाबी गरेका छन् । तर उपमहानगरपालिकाले भने कानुनी प्रक्रिया पूरा गरेरै अभियान सञ्चालन गरिएको स्पष्ट पारेको छ । प्रशासनका अनुसार यो अभियान मटिअर्वा क्षेत्रमै सीमित नरही अन्य अतिक्रमित सार्वजनिक स्थानहरूमा पनि विस्तार गरिनेछ । यसले सडक चौडाइ बढाउन, सवारी आवागमन सहज बनाउन तथा दुर्घटना न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । स्थानीय सरोकारवालाहरूले भने विकास र व्यवस्थापनको नाममा हुने यस्ता कदमहरू कार्यान्वयन गर्दा मानवीय पक्षलाई पनि ध्यान दिनुपर्ने सुझाव दिएका छन् । उनीहरूले दीर्घकालीन समाधानका लागि पुनर्वास तथा वैकल्पिक व्यवस्थाको योजना आवश्यक रहेको औंल्याएका छन् ।

उपमहानगरपालिकाले आगामी दिनमा पनि अतिक्रमणविरुद्ध कडाइ गर्ने संकेत दिँदै सार्वजनिक सम्पत्तिको संरक्षणमा सबैको सहयोग आवश्यक रहेको जनाएको छ ।

## पथलैयामा 'आर्थिक आतंक' को आरोपः प्रहरी सईमाथि ट्रान्सपोर्ट व्यवसायीको गम्भीर गुनासो

*शु.आ. सम्बाददाता*
*बारा, १८ बैशाख*

पथलैया स्थित प्रहरी चौकीका इन्चार्ज वरिष्ठ सई रुपेश थपलिया विरुद्ध अवैध असुलीमार्फत 'आर्थिक आतंक' मच्चाएको आरोप सार्वजनिक भएको छ । मधेस प्रदेशका विभिन्न जिल्लाबाट सञ्चालनमा रहेका ट्रान्सपोर्ट व्यवसायीहरूले संगठित रूपमा रकम असुली भइरहेको गुनासो गरेका छन् । व्यवसायीहरूका अनुसार भारततर्फबाट भित्रिने सामान बोकेका सवारीसाधनहरूलाई पथलैयामा रोकेर बार्गेनिङमार्फत रकम असुली गरी छाड्ने गरिएको छ । नाम नखुलाउने सर्तमा एक व्यवसायीले भने, "सवारी रोकिन्छ, कागजपत्रभन्दा पनि पैसाको कुरा हुन्छ । सहमति भएपछि मात्रै गाडी छुट्छ ।"




आरोपअनुसार वीरगंज, कलैया, गौर, मलंगवा, बर्दिबास, जनकपुर, गोलबजार र राजविराजलगायत स्थानबाट आउने ट्रान्सपोर्ट कम्पनीहरूबाट नियमित रूपमा रकम उठाइने गरिएको छ । रात्रिकालीन बस, ईभी तथा सुमोमार्फत ढुवानी हुने सामानसमेत 'ड्युटी खर्च' का नाममा चेकजाँचबिनै पास गरिने गरेको दाबी गरिएको छ ।

वीरगञ्ज र रक्सौल आसपास केन्द्रित नेटवर्कमार्फत तस्करीजन्य सामान ओसारपसारमा संलग्न समूहसँग मिलेमतो गरी रकम लिने गरिएको आरोपसमेत व्यवसायीहरूले लगाएका छन् । ट्रान्सपोर्ट व्यवसायीहरूको भनाइमा प्रत्येक सवारीसाधन वा कम्पनीबाट मासिक १० हजारदेखि २० हजार रुपैयाँसम्म असुली हुने गरेको छ । यसले व्यवसाय सञ्चालन लागत बढाएको र साना व्यवसायीहरू थप समस्यामा परेको उनीहरूको गुनासो छ । यस विषयमा नरेन्द्र कुवर नेतृत्वको जिल्ला प्रहरी कार्यालय बाराको ध्यानाकर्षण आवश्यक रहेको सरोकारवालाहरू बताउँछन् । उनीहरूले घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन् ।


यद्यपि, आरोपबारे बरिष्ठ प्रहरी सई थपलियासँग प्रतिक्रिया लिँन खोज्दा सम्पर्क हुन सकेको छैन ।

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

## पर्यटन विकास कार्यालय रौतहटका पूर्व निमित्त प्रमुखमाथि योजना 'बेचबिखन' आरोप, छानबिनको माग

*शु.आ. सम्बाददाता*
*रौतहट, १८ बैशाख*

पर्यटन विकास कार्यालय रौतहट का पूर्व निमित्त कार्यालय प्रमुख राजेश काफ्ले माथि पुरानो मितिमा योजनासम्बन्धी पत्र 'बेचबिखन' गर्दै हिँडेको आरोप सार्वजनिक भएको छ । काफ्लेको काज फिर्ता भइसकेको अवस्थामा पनि उनले विभिन्न जिल्लाका योजनासम्बन्धी कागजात आर्थिक प्रलोभनमा वितरण गरिरहेको दाबी गरिएको हो ।



स्थानीय स्रोतका अनुसार काफ्ले शनिबार मलङवा स्थित एक निजी निवासबाट सर्लाहीमा सञ्चालन हुने योजनाका पत्र वितरण गरिरहेको अवस्थामा देखिएका थिए । उनी कहिले रौतहट त कहिले सर्लाहीका योजना भन्दै पुरानै मितिमा कार्यादेश दिने गरेको आरोप छ ।

यसैबीच, काफ्लेको काज वन तथा वातावरण मन्त्रालय मधेश प्रदेश मा फिर्ता भइसकेको भए पनि उनले हालसम्म कार्यालयको बरबुझारथ नगरेको र मनपरी ढंगले काम गरिरहेको आरोप लगाइएको छ । नयाँ कार्यालय प्रमुख बबिता जैसवाल लाई जिम्मेवारी हस्तान्तरण नगरी गैरकानुनी रूपमा गतिविधि जारी राखेको बताइएको छ ।

पर्यटन विकास कार्यालय रौतहटले भने काफ्लेले वितरण गरिरहेका त्यस्ता पत्र आधिकारिक नभएको स्पष्ट पारेको छ । कार्यालयका अनुसार आर्थिक प्रलोभनमा वितरण गरिएका कागजात मान्य नहुने र यसबारे आवश्यक प्रक्रिया अघि बढाइने जनाइएको छ ।

घटनाप्रति स्थानीयवासीले गम्भीर आपत्ति जनाउँदै यस्ता गतिविधिले मधेश प्रदेशको छवि धुमिल बनाएको बताएका छन् । उनीहरूले दोषीमाथि

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

### श्रमको सम्मान र अधिकार सुनिश्चितताः नारामै सीमित कि व्यवहारमा?

बारा जिल्लामा १४०औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस विविध कार्यक्रमसहित मनाइएको खबरले श्रमिकका मुद्दा अझै पनि समाजको केन्द्रमा छन् भन्ने सन्देश दिएको छ । आदर्श कोतवाल गाउँपालिका का वडा नम्बर ३, ५ र ६ मा आयोजित कार्यक्रमले श्रमिक अधिकार, सामाजिक न्याय र श्रमको सम्मानबारे बहसलाई पुनः उजागर गरेको छ । तर, यस्ता कार्यक्रमहरु केवल औपचारिकतामा सीमित भइरहेका त होइनन् भन्ने प्रश्न उठ्नु स्वाभाविक छ ।

एक्सन एड नेपाल को सहयोग र जन जागरण युवा क्लब बारा को आयोजनामा सम्पन्न कार्यक्रमले श्रमिकबीच एकता, सम्मान र अधिकारको आवश्यकता औंल्यायो । वक्ताहरुले श्रमिकको पसिना नै राष्ट्रको वास्तविक पूँजी भएको बताउँदै उचित पारिश्रमिक, सुरक्षित कार्य वातावरण र समयमै तलबको सुनिश्चितताको माग गरेका छन् । यस्ता अभिव्यक्ति हरेक वर्ष दोहोरिने भए पनि व्यवहारमा कति कार्यान्वयन हुन्छ भन्ने गम्भीर प्रश्न भने अझै अनुत्तरित छ ।

कार्यक्रममा सहभागी नरेश साह लगायत वक्ताहरुले श्रमिकको योगदानबिना कुनै पनि समाज समृद्ध हुन नसक्ने धारणा राखे । चन्द्रकला गुप्ता जस्ता स्थानीय नेतृत्वको सहभागिताले विषयको महत्व झल्काए पनि श्रमिकहरुको वास्तविक जीवनस्तर सुधारमा कस्तो ठोस पहल हुन्छ भन्ने नै मुख्य चुनौती हो । नेपालजस्तो विकासोन्मुख देशमा श्रमिकहरु अझै असंगठित, असुरक्षित र न्यून पारिश्रमिकमा काम गर्न बाध्य छन् । श्रम ऐन, नीति र अधिकारका कुरा कागजमै सीमित हुँदा श्रमिक दिवसका कार्यक्रमहरु प्रतीकात्मक मात्र बन्ने जोखिम बढ्दै गएको छ । त्यसैले, यस्ता कार्यक्रमहरु केवल भाषण र औपचारिकतामा सीमित नरही नीतिगत सुधार, कडा कार्यान्वयन र श्रमिकमैत्री वातावरण निर्माणतर्फ उन्मुख हुन आवश्यक छ । राज्य, निजी क्षेत्र र नागरिक समाजबीचको समन्वय बिना श्रमिक अधिकार सुनिश्चित हुनु सम्भव छैन ।

अन्ततः, श्रमिक दिवसले हामीलाई केवल उत्सव होइन, उत्तरदायित्व पनि स्मरण गराउँछ–श्रमको सम्मान गर्ने, श्रमिकको अधिकार सुनिश्चित गर्ने र न्यायपूर्ण समाज निर्माणतर्फ ठोस कदम चाल्ने ।

# शासन संस्कारमा नूतन शैली



*ललितकुमार यादव*

साँचो परिवर्तन तबमात्र सम्भव छ, जब शासन संस्कारको अभ्यास आधुनिक, उत्तरदायी, समावेशी र दीर्घकालीन हुन्छ।

नेपाली राजनीतिको हालैको परिदृश्यबाट स्पष्ट हुन्छ। शासन केवल कानुनी संरचना वा प्रशासनिक निकायको नाममात्र होइन। यो त सत्ता प्रयोगको मर्यादा, नेतृत्वको नैतिकता र नागरिकसँगको उत्तरदायित्वको प्रतिविम्ब हो। राष्ट्र निर्माणमा शासन प्रणाली जति महत्वपूर्ण हुन्छ । त्यसभन्दा बढी महत्वपूर्ण त्यस प्रणालीलाई सञ्चालन गर्ने व्यक्तिहरूको संस्कार हुन्छ।

नेपालले विगत एक शताब्दीमा राजनीतिको विभिन्रुन रूप र परिवर्तनहरू देखेको छ। राजतन्त्रदेखि संविधानसभासम्मको राजनीतिक यात्रा तय गरेको छ । संक्रमणकालीन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणराज्यसम्मको परिवर्तन देखेको छ । यी सबै राजनीतिक रूपान्तरणले एउटै तथ्यलाई उजार गरेको छ। त्यो सत्य हो, केवल संरचना परिवर्तनले शासनमा सुधार हुँदैन। शासनमा सुधार हुन राजनीतिक नेतृत्व र प्रशासनिक संस्कारको सुधार अपरिहार्य छ।

शासन प्रणालीको सफलता केवल संविधान वा कानुनमा निर्भर रहँदैन। यसको वास्तविक मापन नेतृत्वको व्यवहार, निर्णय प्रक्रियामा पारदर्शिता, प्रशासनिक दक्षता र सामाजिक उत्तरदायित्वबाट हुन्छ । संघीय लोकतान्त्रिक गणतन्त्रले सात प्रदेश र ७५३ स्थानीय तहको सशक्तीकरण गर्ने लक्ष्य बोकेको छ । तर केन्द्र र प्रदेशबीचको द्वन्द्व, प्रशासनिक क्षमता, नीतिगत कार्यक्रमको कार्यान्वयन र स्थानीय सरकारको स्वतन्त्रता अझै चुनौतीपूर्ण छ।

शासन संस्कार नागरिकसँगको उत्तरदायित्वमा निहित हुन्छ। यसको अर्थ नीति निर्माण र कार्यान्वयनमा सबै समुदायको सहभागिता, न्याय, समानता र विकासको सुनिश्चितता गर्न सक्नु हो। नागरिकको जीवनमा प्रत्यक्ष प्रभाव पर्न सक्नु हो। नेपाल बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक राष्ट्र हो। नेपालका लागि समावेशिता केवल विकल्प होइन । अपरिहार्य आवश्यकता हो । तर राजनीतिक गुटबन्दी, जातीय तथा भाषिक असहमति र नेतृत्वको आत्मकेन्द्रित प्रवृत्तिले वास्तविक समावेशितालाई कमजोर बनाएको छ।

लोकतन्त्र केवल निर्वाचन वा मतदान र संसदको अस्तित्वसँग मात्र जोडिएको विषय होइन। लोकतन्त्रले उत्तरदायी शासन प्रणाली, नैतिक नेतृत्व र नागरिकको सक्रिय सहभागितालाई समग्रमा समेट्दछ। पार्टीभित्रको गुटगत राजनीति, सत्ताको अस्वस्थ प्रतिस्पर्धा, नेतृत्वको व्यक्तिगत महत्वाकांक्षा र छिटो छिटो सरकार फेरबदल शासन संस्कारलाई कमजोर पार्ने प्रमुख तत्वहरू हुन्।

नेपालको संविधान २०७२ को प्रस्तावमा नै यो संविधान समावेशी, समानुपातिक र सहभागितामूलक छ भनेर उल्लेख गरिएको छ। संविधानले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरेको छ। विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्रुभावलाई संरक्षण एवं प्रवर्धन गर्ने कुरा संविधानमै उल्लेख गरिएको छ । संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ।

नेपालको संविधान, २०७२ लाई सरसर्ती हेर्दा सिंगो संविधान नै समावेशीकरणलाई व्यवस्थापन गर्न बनेको दस्तावेज जस्तो छ। संविधानले शासनमा सबैको मूल प्रवाहीकरणको उद्देश्य राखेको छ। संघीयता र समान अवसरको संरचना समेत तोकेको छ । संघीय संरचनाले स्थानीय तहमा अधिकार हस्तान्तरण, स्थानीय तह, प्रदेश र केन्द्रबीचको सन्तुलन र नीति निर्माणदेखि कार्यान्वयनसम्म सबैको सहभागिता सुनिश्चित गर्ने लक्ष्य राखेको देखिन्छ । तिनै तहको कार्यपालिका (संघीय, प्रदेश र स्थानीय तह) समावेशी संरचनाअनुसारको बनाउनु पर्ने संवैधानिक प्रावधान छ।

संविधानको धारा ३ र ४ मा राष्ट्र र राज्यको परिभाषामा समावेशिताको प्रतिविम्ब देख्न पाइन्छ। धारा १८ मा समानताको हक, धारा ४२ मा सामाजिक न्यायको हक, धारा ४३ मा सामाजिक सुरक्षाको हक, भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत धारा ५० मा निर्देशक सिद्धान्तहरू, धारा ५१ मा राज्यका नीतिहरू अन्तर्गत उपधारा (ञ) मा सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति, भाग २७ मा महिला आयोग, दलित आयोग, समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोग स्थापना गर्ने संवैधानिक व्यवस्था, नेपाली सेना, राजदूत, संवैधानिक नियुक्ति र सरकारी सेवा समावेशी हुनुपर्ने संवैधानिक व्यवस्था क्रमशः धारा २६७, २८२, २८३ र २८५ नेपालको संविधान, २०७२ मा भएका केही प्रतिनिधि व्यवस्था हुन्।

संविधानमै नेपाललाई समाजवाद उन्मुख राज्य भनेर परिभाषित गरिएको छ। लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने उद्देश्य राखिएको छ । समाजवादप्रति प्रतिबद्धता ब्यक्त गरिएको छ । तर यसको व्यावहारिक कार्यान्वयन भइराखेको छैन । व्यवहारमा शक्ति सन्तुलनको अवस्था कमजोर छ । नीतिको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । नागरिकको विश्वास घटेको अवस्था छ। संरचना आधुनिक भए पनि शासन संस्कारको अभ्यास अझै कमजोर छ। प्रणालीले आपेक्षित परिणाम दिन सकेको छैन।

शासन केवल संरचना र नियमको खेल होइन । यो त नेतृत्व, नागरिक र संरचनाको समान मिश्रणबाट बनेको जीवन्त अभ्यास हो । जसले राष्ट्रिय विकास, सामाजिक समानता र स्थायी लोकतन्त्रलाई सुनिश्चित गर्दछ।

शासन संस्कारका मूल तत्वमा सत्ता नैतिकता, उत्तरदायित्व, सामाजिक समावेशिता, पारदर्शिता, कार्यदक्षता र राजनीतिक नेतृत्व नागरिकबीचको सम्बन्ध सन्तुलन पर्दछ । राज्य शक्तिको प्रयोग केवल व्यक्तिगत लाभको लागि गर्नु हुँदैन । जनताको सेवा, न्याय र समानताको लागि राज्त शक्तिको प्रयोग हुनुपर्दछ। राजनीतिक नेतृत्व नागरिकसँग जवाफदेही हुनुपर्छ । राष्ट्र र जनतालाई केन्द्रमा राखेर नेतृत्वले निर्णयहरू लिनुपर्दछ । सबै जातीय, भाषिक र सांस्कृतिक समूहलाई नीति निर्माणमा समान सहभागिताको अवसर दिनुपर्छ। संविधान, संघीयता र प्रशासनिक संरचना केवल आधार हुन्। राजनीतिक नेतृत्व र नागरिकको सक्रिय अभ्यासले शासन संस्कारलाई पूर्णता दिन्छ।

शासन संस्कारमा नैतिक शिक्षा र सामाजिक चेतनाको महत्वपूर्ण भूमिका रहन्छ। राजनीतिक नेतृत्व, प्रशासनिक नेतृत्व र कर्मचारीतन्त्र सबैले व्यक्तिगत स्वार्थभन्दा राष्ट्रहित र संविधान तथा प्रचलित ऐन, कानुनलाई प्राथमिकता दिनुपर्छ । यसमा नागरिकको भूमिका पनि अपरिहार्य हुन्छ । नागरिकले सुधार तथा जवाफदेहिता खोज्न सक्नुपर्छ। सक्रिय नागरिक सहभागिता नै शासन संस्कारलाई जीवित राख्ने मूल शक्ति हुन् । नेपालमा शासन प्रणालीले दीर्घकालीन स्थायित्व र विकासलाई सुनिश्चित गर्नुपर्ने आवश्यकता छ । तर संरचनामात्र भएर पर्याप्त हुँदैन। नेतृत्वको नैतिकता, प्रशासनिक दक्षता, सामाजिक उत्तरदायित्व र नागरिकको सचेत तथा सक्रिय सहभागिता नै शासन प्रणाली सुधारको आधार हुन। शासन संस्कार केवल शब्द होइन। यो त सत्ता, जिम्मेवारी, नैतिकता र सामाजिक प्रतिबद्धताको एकीकृत रूप हो । जबसम्म राजनीतिक अभ्यास, नेतृत्वको व्यवहार र नागरिकको सक्रिय सहभागिताबीच सन्तुलन मिलाउन सकिँदैन, तबसम्म संविधान र संरचनाले मात्र शासनलाई स्थायित्व दिन सक्दैन।

नेपालले धेरै राजनीतिक परिवर्तन देखेको र भोगेको छ । तर साँचो परिवर्तन तबमात्र सम्भव छ, जब शासन संस्कारको अभ्यास आधुनिक, उत्तरदायी, समावेशी र दीर्घकालीन हुन्छ । शासन केवल संरचना र नियमको खेल होइन। यो त नेतृत्व, नागरिक र संरचनाको समान मिश्रणबाट बनेको जीवन्त अभ्यास हो । जसले राष्ट्रिय विकास, सामाजिक समानता र स्थायी लोकतन्त्रलाई सुनिश्चित गर्दछ। संघीय सरकारदेखि स्थानीय सरकारसम्म संविधान अनुकूलको समावेशिता अपरिहार्य छ । उचित र न्यायपूर्ण सहभागिता सुनिश्चित भएमात्र संविधानको मर्म र भावनाको कदर हुन्छ, अनि मात्र शासन संस्कारको विकास हुन्छ।






समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# अमेरिकाद्वारा क्युबामाथि थप कडा आर्थिक प्रतिबन्ध

एजेन्सी- डोनाल्ड ट्रम्प नेतृत्वको अमेरिकी प्रशासनले क्युबा सरकारमाथि थप कडा आर्थिक प्रतिबन्ध लगाउने उद्देश्यसहित नयाँ कार्यकारी आदेश जारी गरेको छ ।



यस आदेशले पहिलेदेखि लागू रहेका प्रतिबन्धहरूलाई अझ विस्तार र कडाइका साथ कार्यान्वयन गर्ने संकेत दिएको छ ।

आदेशअनुसार अमेरिकाभित्र रहेका नागरिक, संस्था वा अन्य व्यक्तिको नियन्त्रणमा रहेका क्युबासँग सम्बन्धित व्यक्तिहरूका सबै प्रकारका सम्पत्ति र आर्थिक हितहरू रोक्का गरिनेछन् । ती सम्पत्तिहरू अब स्थानान्तरण, बिक्री, भुक्तानी वा अन्य कुनै आर्थिक कारोबारमा प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ । यसले क्युबासँग जोडिएका व्यक्ति तथा संस्थाहरूको आर्थिक गतिविधिलाई प्रत्यक्ष रूपमा सीमित गर्नेछ ।

नयाँ प्रतिबन्ध विशेषगरी क्युबाको अर्थतन्त्रका प्रमुख क्षेत्रहरूलाई लक्षित गरिएको छ । ऊर्जा, रक्षा तथा सैन्य सामग्री, धातु तथा खानी, वित्तीय सेवा र सुरक्षा क्षेत्रसँग सम्बन्धित व्यक्ति तथा संस्थाहरू आदेशको दायरामा पर्नेछन् । साथै, आवश्यक ठानिएमा अन्य क्षेत्रहरूलाई पनि समावेश गर्न सकिने अधिकार सम्बन्धित निकायलाई दिइएको छ । यस आदेशको अर्को महत्वपूर्ण पक्ष 'दोस्रो स्तरको प्रतिबन्ध' हो । क्युबा सरकार वा प्रतिबन्धित व्यक्ति तथा संस्थासँग आर्थिक कारोबार गर्ने विदेशी व्यक्ति, बैंक तथा वित्तीय संस्थाहरू समेत कारबाहीको दायरामा पर्नेछन् । यस व्यवस्थाले क्युबालाई अन्तर्राष्ट्रिय बैंकिङ प्रणालीमा पहुँच गर्न अझ कठिन बनाउने अनुमान गरिएको छ, किनकि अन्य देशका बैंकहरू अमेरिकी कारबाहीको जोखिमका कारण क्युबासँग कारोबार गर्न हिच्किचाउन सक्छन् । अमेरिकी सरकारले कुनै विदेशी वित्तीय संस्थाले क्युबा सरकारसँग सम्बन्धित व्यक्तिका लागि महत्वपूर्ण कारोबार गरेको पाइएमा त्यसमाथि प्रतिबन्ध, जरिवाना वा अन्य कारबाही गर्न सक्ने अधिकार पनि सुरक्षित राखेको छ । यसले क्युबाको अन्तर्राष्ट्रिय व्यापार र लगानीमा थप अवरोध सिर्जना गर्न सक्ने देखिन्छ । उक्त आदेश कार्यान्वयनका लागि अमेरिकी विदेश मन्त्रालय र कोष विभागलाई आवश्यक कदम चाल्ने अधिकार दिइएको छ । यसबाट अमेरिकी प्रशासन क्युबामाथि आर्थिक दबाब बढाउँदै आफ्नो नीतिगत लक्ष्य हासिल गर्न इच्छुक रहेको संकेत मिल्छ । अमेरिकाले क्युबामाथि करिब ६० वर्षभन्दा बढी समयदेखि विभिन्न प्रकारका प्रतिबन्ध लगाउँदै आएको छ। सन् १९६२ मा औपचारिक रूपमा व्यापक व्यापार नाकाबन्दी लागू भएपछि दुई देशबीचको आर्थिक सम्बन्ध लगभग पूर्ण रूपमा अवरुद्ध भएको थियो । बीचमा केही समय प्रतिबन्धहरू खुकुलो पारिए पनि अधिकांश अवस्थामा ती कडा नै रहँदै आएका छन् । नयाँ कदमले क्युबाको अर्थतन्त्रमा थप दबाब पर्ने सम्भावना रहेको छ । साथै, यसले अमेरिका र क्युबाबीचको राजनीतिक सम्बन्धमा थप तनाव बढाउने र अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रतिक्रिया आउने अपेक्षा गरिएको छ ।

# पर्यटन.........

कारबाहीको माग गर्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सँग हस्तक्षेप गर्न आग्रह गरेका छन् ।

यसैबीच, घटनाबारे रामुराज कडरिया (प्रमुख जिल्ला अधिकारी, सर्लाही) लाई जानकारी गराउँदा पनि हालसम्म ठोस कदम नचालिएको भन्दै प्रश्न उठेको छ ।

स्थानीयले यसमा सम्बन्धित निकायबीच मिलेमतोको आशंका समेत व्यक्त गरेका छन् ।

उक्त घटनाबारे औपचारिक छानबिन गरी सत्यतथ्य बाहिर ल्याउन र दोषीमाथि कडा कारबाही गर्न सरोकारवालाहरूले माग गरेका छन् ।


## जनहितमा जारी सन्देश

- समयमा कर तिरौं, नगरको विकासमा सहभागी बनौं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाई-सराई लगायतका घटनाहरु समयमै दर्ता गरौं ।
- सरसफाई हामी सबैको पहिचान हो । स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आगन, सडकपेटी जथाभावी फोहर फाल्ने काम नगरौं ।
- नगरलाई पदुषण मुक्त गरी हराभरा बनाऔं ।
- वातावरण हामी सबैका साझा सम्पती हो ।
- जथाभावी फोहर नफालौं र आफ्नो क्षेत्र सफा राख्न सहयोग गरौं ।
- लैंगिक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैंगिक हिंसा मुक्त गरौं ।

माधव नारायण नगरपालिका
माधोपुर, रौतहट


# शिक्षकलाई आँखा स्वास्थ्य सम्बन्धी एक दिने तालिम सम्पन्नः विद्यार्थीको दृष्टि सुरक्षामा नयाँ पहल

***शु. आ. संवाददाता***
***रौतहट, १८ बैशाख***

जिल्लाको परोहा नगरपालिकामा विद्यालय तहबाटै आँखाको समस्या पहिचान र रोकथाम गर्ने उद्देश्यका साथ शिक्षक-शिक्षिकाहरूका लागि एक दिने आँखा स्वास्थ्य सम्बन्धी जनचेतनामूलक तालिम सम्पन्न भएको छ । नगरपालिका भित्रका निजी, सामुदायिक तथा मदरसा विद्यालयका शिक्षकहरूलाई लक्षित गरी आयोजना गरिएको यस कार्यक्रमले शिक्षा र स्वास्थ्यलाई जोड्दै समुदायमा सचेतना फैलाउने लक्ष्य राखेको छ।



परोहा नगरपालिका-लौकाहा स्थित ब्रम्हज्योतिमा आयोजना गरिएको उक्त तालिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहयोगमा नेपाल नेत्र ज्योति संघद्वारा सञ्चालित गौर आँखा अस्पताल, पुरेनवाको प्राविधिक सहकार्यमा सञ्चालन गरिएको हो।

तालिममा नगरपालिका अन्तर्गतका विभिन्न विद्यालयका गरी ३५ जना शिक्षक-शिक्षिकाको सक्रिय सहभागिता रहेको थियो। तालिमको मुख्य उद्देश्य विद्यालय उमेरका बालबालिकाहरूमा हुन सक्ने दृष्टि सम्बन्धी समस्यालाई सुरुवाती चरणमै पहिचान गरी जटिलता आउन नदिनु रहेको थियो । सहभागीहरूलाई गौर आँखा अस्पतालका विज्ञ प्राविधिक टोलीले प्रशिक्षण दिएका थिए । प्रशिक्षकहरू वरिष्ठ नेत्र अधिकृत विनिता केसरी, आफताव आलम, सत्येन्द्र पाण्डे सहित प्रशिक्षक टोलीले आँखामा देखिने सामान्यदेखि जटिल समस्या तिनको प्रारम्भिक पहिचानका लक्षणहरू समयमै उपचारको महत्त्व र रोकथामका उपायबारे व्यावहारिक र सैद्धान्तिक ज्ञान प्रदान गरेका थिए ।

तालिमका क्रममा प्रशिक्षकहरूले विद्यार्थीहरूले बोर्डमा लेखेको नदेख्ने, आँखा खुम्च्याएर हेर्ने वा बारम्बार आँखा मिच्ने जस्ता व्यवहारलाई शिक्षकले विद्यालयमै पहिचान गर्न सक्ने बताए। यस्ता समस्या देखिएमा तुरुन्त विशेषज्ञ कहाँ पुऱ्याउन सल्लाह दिँदै दैनिक जीवनमा अपनाउनु पर्ने आँखा सुरक्षाका उपायबारे शिक्षकहरूलाई विशेष जोड दिइएको थियो ।

आयोजकका अनुसार शिक्षकहरू विद्यार्थीसँग लामो समय रहने भएकाले उनीहरूलाई प्रशिक्षित गर्दा पहिलो स्वास्थ्य सचेतकका रूपमा काम गर्न सहज हुन्छ। यसले गर्दा आर्थिक अभाव वा जानकारीको कमीले उपचार नपाएका बालबालिकाहरूलाई समयमै दृष्टि जोगाउन सहयोग पुग्ने विश्वास लिइएको छ।

तालिम सञ्चालन भइरहँदा परोहा नगरपालिकाका स्वास्थ्य संयोजक जलंधर प्रसाद यादवले कार्यक्रमको स्थलगत निरीक्षण गरेका थिए । निरीक्षणका क्रममा उनले स्वास्थ्य र शिक्षा क्षेत्रको यो समन्वयले स्थानीय स्तरमा सकारात्मक प्रभाव पार्ने उल्लेख गरे । तालिममा सहभागी शिक्षकहरूले सिकेका सीप र ज्ञानलाई विद्यालयका अन्य सहकर्मी, विद्यार्थी र अभिभावक माझ पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका छन् । स्थानीय स्तरमा यस प्रकारको प्राविधिक तालिमले विद्यालयको सिकाइ वातावरणमा समेत सुधार आउने अपेक्षा गरिएको गौर आँखा अस्पताल पुरेनवाले जनाए ।

# संघीय हस्तक्षेपविरूद्ध मौलापुर मेयर साहको आक्रोश, प्रधानमन्त्रीसँग स्पष्ट धारणा माग

***रौतहट, १८ बैशाख***

मौलापुर नगरपालिका की मेयर रिनाकुमारी साह ले आफ्नो नगरपालिकामा भइरहेको संघीय सरकारको हस्तक्षेपविरुद्ध कडा आक्रोश व्यक्त गरेकी छन् । शनिबार बिहान सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री वालेन्द्र शाह लाई सम्बोधन गर्दै उनले नगरपालिकामाथि भइरहेको "गैरकानुनी र अनैतिक चलखेल" तत्काल बन्द गर्न माग गरेकी हुन् ।




मेयर साहले विशेषगरी नगरपालिकाद्वारा सञ्चालनमा रहेका 'फ्री बिजुली, फ्री पानी' तथा 'छोरीसँग मेयर' जस्ता कार्यक्रमहरूलाई असफल बनाउन केन्द्र सरकारको योजनाबद्ध प्रयास भइरहेको आरोप लगाइन् । उनका अनुसार कर्मचारीहरूले 'माथिको आदेश' भन्दै भुक्तानी रोक्ने र विकास योजनामा अनावश्यक ढिलासुस्ती गर्ने गरेका छन् ।

"नगरवासीले मन पराएका र देशभर सराहना पाएका कार्यक्रमहरूलाई केन्द्रको हवाला दिँदै अवरुद्ध गरिनु स्वीकार्य छैन," उनले उल्लेख गरिन् । मेयर साहले नगरपालिकामा खटाइने कर्मचारीहरू संविधान र स्थानीय कानुनप्रति जवाफदेही हुनुपर्नेमा उल्टै मन्त्रालयको निर्देशनमा काम भइरहेको भन्दै आपत्ति जनाइन् । "स्थानीय तहका कर्मचारीहरू कानुन मान्छन् कि संघीय मन्त्रालयको निर्देशन? प्रधानमन्त्रीले यस विषयमा स्पष्ट धारणा दिनुपर्छ," उनले भनिन् ।

उनका अनुसार मेयरको परामर्शबिना कार्यपालिकाको बैठक बोलाउने, उपप्रमुखमार्फत निर्णय प्रमाणीकरण गराउने तथा प्रशासनिक कार्यमा हस्तक्षेप गर्ने गतिविधिले स्थानीय तहको स्वायत्ततामाथि प्रश्न उठाएको छ। मेयर साहले पछिल्ला गतिविधिमा संघीय कर्मचारीसँगै सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केही नेताहरूको संलग्नता रहेको आरोपसमेत लगाएकी छन् ।

यसैबीच, आफ्ना लोकप्रिय कार्यक्रमहरू बन्द गराउने प्रयासविरुद्ध स्थानीयवासी चरणबद्ध आन्दोलनमा उत्रिएका छन् । मेयर साहले स्थानीय सरकारको संवैधानिक अधिकारमाथि हस्तक्षेप नरोकिए कडा आन्दोलनमा जान बाध्य हुने चेतावनी दिएकी छन् ।

संघीयता कार्यान्वयन र स्थानीय सरकार सञ्चालनको सन्दर्भमा मौलापुरमा देखिएको यो विवादलाई गम्भीर चुनौतीका रूपमा हेरिएको छ ।


## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

परवानीपुर गाउँपालिका, परवानीपुर, बारा



## महागढीमाई नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

महागढीमाई नगरपालिकाको कार्यालय, बरियारपुर, बारा


मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# वीरगंज महानगरद्वारा मसाज तथा स्पा सेन्टरमा अनुगमन सुरू, नाबालिका प्रयोग भेटिएपछि कडाइ

***पर्सा, १८ बैशाख***

वीरगंज महानगरपालिकाले नगरभित्र सञ्चालनमा रहेका मसाज तथा स्पा सेन्टरहरूको अनुगमन अभियान सुरु गरेको छ। मसाज सेन्टरको नाममा अवाञ्छित गतिविधि भइरहेको गुनासो बढेपछि महानगरले मङ्गलबारदेखि कडाइका साथ अनुगमन अघि बढाएको हो।

नगर प्रहरी इन्चार्ज हरि भुसालका अनुसार भन्सार क्षेत्रबाट सुरु गरिएको अनुगमन महानगरका सबै ३२ वडामा क्रमशः विस्तार गरिनेछ। अनुगमनका लागि नेपाल प्रहरी सँग समन्वय गरी नगर प्रहरी परिचालन गरिएको छ। अनुगमन टोलीले सञ्चालक तथा कर्मचारीको विवरण, नाबालिका प्रयोग भए/नभएको, सञ्चालन अनुमति, व्यवसाय दर्ता, कर भुक्तानीको अवस्था, सेवा सञ्चालनको प्रकृति तथा आचारसंहिताको पालना जस्ता विषयमा विस्तृत जाँच गरिरहेको महानगरले जनाएको छ।



अनुगमनका क्रममा हालसम्म दुई स्पा सेन्टरमा नाबालिका प्रयोग भएको फेला परेको नगर प्रहरी इन्चार्ज भुसालले जानकारी दिए। यस्ता गतिविधिमा संलग्नमाथि कडा कारबाही गरिने चेतावनी दिइएको छ।

महानगरका अनुसार अहिलेसम्म करिब एक दर्जनभन्दा बढी मसाज तथा स्पा सेन्टरहरूको स्थलगत अनुगमन सम्पन्न भइसकेको छ। प्रारम्भिक जाँचमा केही स्थानमा आवश्यक कागजात अपूर्ण रहेको तथा सञ्चालन प्रक्रिया मापदण्डअनुसार नभएको पाइएको छ।

मापदण्ड पूरा नगर्ने तथा गैरकानुनी गतिविधिमा संलग्न व्यवसायमाथि कानुनबमोजिम कारबाही गरिने महानगरले स्पष्ट पारेको छ। साथै, आगामी दिनमा पनि यस्ता अनुगमनलाई निरन्तरता दिँदै व्यवसायलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउने लक्ष्य राखिएको जनाइएको छ।

महानगरपालिकाले नागरिकलाई समेत शंकास्पद गतिविधिबारे सम्बन्धित निकायलाई जानकारी गराउन आग्रह गरेको छ।

# रौतहटमा दलित जन्तीमाथि आक्रमण, ९ घाइतेह्य तीनको अवस्था गम्भीर

***रूपेश यादव***
***रौतहट, १८ बैशाख***

रौतहट को शिवनगर स्थित महादेव मन्दिरमा विवाह गर्न गएका दलित समुदायका जन्तीमाथि स्थानीयको आक्रमण हुँदा ९ जना घाइते भएका छन्, जसमा ३ जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ।

प्राप्त जानकारीअनुसार कटहरिया नगरपालिका-९ डुमरियाबाट आएका बेहुला पक्ष तथा गढिमाई नगरपालिका-८ बिरनगराबाट आएका बेहुली पक्षमाथि आक्रमण भएको हो। विवाहका लागि पूजा सामग्री जुटाउने क्रममा कलश राख्न आँपको पात टिपेको विषयलाई लिएर गरुडा नगरपालिका-२ गेडही गुठीका केही स्थानीयले कुटपिट गरेका हुन्।

प्रहरीका अनुसार आक्रमणमा जोखु सहनी, मनोज सहनी र धिरज साह लगायत संलग्न रहेका छन्। उनीहरूको कुटपिटबाट गर्भवती महिलासहित ९ जना घाइते भएका छन्। घाइते हुनेहरूमा सलिता देवी पासवान, लवङ्वती देवी पासवान,




किसुनदेव पासवान, रबिता देवी पासवान, सिकिलदेव पासवान, काजल पासवान, सन्तोष पासवान, आकाश पासवान र देवलाल पासवान रहेका छन्। घाइतेहरूको वेटर नेपाल अस्पताल मा उपचार भइरहेको प्रहरीले जनाएको छ।

घटनापछि इलाका प्रहरी कार्यालय शिवनगर का प्रमुख लतिफ अन्सारीको नेतृत्वमा खटिएको टोलीले तीन जनालाई पक्राउ गरी इलाका प्रहरी कार्यालय गरुडा मा बुझाएको छ। अन्य फरार अभियुक्तहरूको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ। आक्रमण र तनावका बीच पनि विवाह समारोह अन्ततः सम्पन्न भएको बताइएको छ। यस घटनाले धार्मिक स्थलमा विवाह गर्न जाने परम्परामाथि प्रश्न उठाउनुका साथै दलित समुदायमाथि हुने सामाजिक विभेद र असहिष्णुताको गम्भीर अवस्था उजागर गरेको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान जारी रहेको जनाएको छ।

# सांसद शाक्यद्धारा ठोरीमा "डाक्टर सहित सांसदको घरदैलो" कार्यक्रम शुभारम्भ

***हरि किशोर शर्मा***
***पर्सा, १८ बैशाख***

ठोरी गाउँपालिका-१ भगवाननगरमा "डाक्टर सहित सांसदको घरदैलो" कार्यक्रमको औपचारिक शुभारम्भ गरिएको छ। कार्यक्रमको उद्घाटन प्रमुख अतिथि सांसद टेक बहादुर शाक्य ले गरेका हुन्।

कार्यक्रमको सुरुआत डा. सुरुची श्रेष्ठले सांसद शाक्यको स्वास्थ्य परीक्षण गरेर गरिएको थियो। उद्घाटन समारोहलाई सम्बोधन गर्दै सांसद शाक्यले विकट तथा विपन्न समुदायलाई घरआँगनमै स्वास्थ्य सेवा उपलब्ध गराउन पाउँदा खुशी लागेको बताए। उनले आफ्नो निर्वाचन क्षेत्र पर्सा-४ का सबै स्थानीय तहमा यस कार्यक्रमलाई विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष गोकुली रेग्मीले यस्ता सेवामूलक पहलको प्रशंसा गर्दै स्थानीय तहको तर्फबाट आवश्यक सहकार्य रहने बताइन्। त्यस्तै प्रभु अस्पताल का इन्चार्ज दिलीप कार्कीले अस्पताल




केवल नाफामुखी नभई सेवामुखी संस्था भएको उल्लेख गर्दै समुदायमै स्वास्थ्य सेवा पुऱ्याउन पाउँदा सन्तोष व्यक्त गरे। कार्यक्रमका समन्वयकर्ता सन्तोष श्रेष्ठले दुर्गम तथा स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका नागरिकलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिएको बताए। उनले कार्यक्रम सफल बनाउन सहयोग गरेकोमा सांसद शाक्यप्रति आभार व्यक्त गरे।

प्रभु अस्पताल वीरगंजको सहकार्यमा सञ्चालित उक्त कार्यक्रममा डा. प्रयास तिमल्सिना र डा. सुरुची श्रेष्ठले २४७ जना स्थानीय बासिन्दालाई निःशुल्क स्वास्थ्य परीक्षण, परामर्श सेवा तथा औषधि वितरण गरेका थिए। घरदैलोमै स्वास्थ्य सेवा पाउँदा स्थानीयवासीले खुशी व्यक्त गर्दै आयोजक तथा सांसदप्रति धन्यवाद दिएका छन्।

कार्यक्रमले ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न सहयोग पुग्ने विश्वास लिइएको छ।

# देवताल-७ मा खानेपानी तथा सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न

शु.आ. सम्बाददाता
बारा, १९ वैशाख

देवताल गाउँपालिका वडा नम्बर ७ मा खानेपानी तथा सरसफाइसम्बन्धी तीनदिने जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ। चालु आर्थिक वर्ष २०८२/०८३ को वडा स्तरीय योजना अन्तर्गत आयोजित उक्त कार्यक्रम वैशाख १७ गतेदेखि १९ गतेसम्म सञ्चालन गरिएको हो।

वडा नम्बर ७ को सहयोग तथा लक्की युवा क्लब, सुवर्ण गाउँपालिका-६ मझरियाको आयोजनामा सम्पन्न कार्यक्रममा ३ सयभन्दा बढी स्थानीयको सक्रिय सहभागिता रहेको क्लबका अध्यक्ष शेख महताब आलमले जानकारी दिए। कार्यक्रममा स्थानीय बासिन्दा, महिला समूह, युवा क्लबका प्रतिनिधि, सरोकारवाला निकाय तथा जनप्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

कार्यक्रममा सरसफाइको महत्त्व, सुरक्षित खानेपानीको प्रयोग, पानीजन्य रोगहरूको नियन्त्रण तथा वातावरणीय स्वच्छताबारे विस्तृत जानकारी प्रदान गरिएको थियो। सहभागीहरूबीच अन्तरक्रिया, समूह छलफल तथा व्यवहारिक प्रस्तुतीमार्फत जनचेतना अभिवृद्धि गर्ने प्रयास गरिएको आयोजकले जनाएको छ।

कार्यक्रमका प्रमुख अतिथि वडा अध्यक्ष सतेन्द्र प्रसाद यादवले स्वच्छ खानेपानी र सरसफाइ मानव स्वास्थ्यका आधारभूत आवश्यकता भएको उल्लेख गर्दै यस्ता जनचेतनामूलक कार्यक्रमले




समुदायमा सकारात्मक व्यवहार परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेल्ने बताए। उनले घरआँगन, टोल तथा सार्वजनिक स्थल सफा राख्न सबै नागरिकलाई आग्रह गर्दै स्थानीय तहले खानेपानी तथा सरसफाइ व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेको जानकारी दिए।

विशेष अतिथिहरूले पनि सरसफाइ सबैको साझा जिम्मेवारी भएको धारणा व्यक्त गर्दै स्वस्थ समाज निर्माणका लागि यस्ता कार्यक्रम निरन्तर सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए। कार्यक्रममा प्रमुख प्रशिक्षक गोपाल प्रसाद यादव र अनिल कुशवाहा तथा सहायक प्रशिक्षकहरू अखिलेश कुमार यादव, डा. हफिज मिया, मञ्जु कुमारी यादव र शेख महताब आलमले प्रशिक्षण दिएका थिए।

यसैबीच, कार्यक्रममा सामाजिक विकास शाखा प्रमुख ललन पटेल, प्रशासन शाखा प्रमुख सुधिर कुमार यादव, कार्यपालिका सदस्य रामपुजन पण्डित, महिला कार्यपालिका सदस्य प्रभा देवी धोबिन, वडा सदस्य दोय नबाब सहनी, रामदयाल महतो, दलित महिला सदस्य सोनिया देवी, वडा सचिव बलिराम मण्डल, स्वास्थ्य चौकी प्रमुख राजेश यादव, कम्प्युटर अपरेटर पवन मण्डल लगायत स्थानीय बुद्धिजीवी तथा भद्रभलादमीहरूको उपस्थिति रहेको थियो।

कार्यक्रमको सञ्चालन क्लबका सचिवले गरेका थिए भने संयोजकले धन्यवाद ज्ञापन गरेका थिए। सहभागीहरूले कार्यक्रम उपयोगी, प्रभावकारी तथा व्यवहारपरक रहेको प्रतिक्रिया दिएका छन्।

# संघीय निजामती सेवा विधेयकप्रति स्थानीय तहका कर्मचारी असन्तुष्ट

काठमाडौं, १९ बैशाख

स्थानीय तहमा कार्यरत कर्मचारीहरूले प्रस्तावित 'संघीय निजामती सेवा विधेयक, २०८३' प्रति असन्तुष्टि जनाउँदै आफ्ना हकहित सुनिश्चित गर्न सरकारसँग माग गरेका छन्। स्थानीय सेवा कर्मचारी सञ्जाल नेपाल ले विज्ञप्ति जारी गर्दै विधेयकले स्थानीय तहका कर्मचारीका सेवा-सुविधा, सेवा-सुरक्षा तथा वृत्ति विकासका विषय पर्याप्त रूपमा समेट्न नसकेको जनाएको हो।

सञ्जालका अनुसार नेपालको संविधान ले परिकल्पना गरेको संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको प्रशासनिक संघीयताको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारी व्यवस्थापनसम्बन्धी मूल कानुनका रूपमा संघीय निजामती सेवा ऐन अत्यावश्यक भए पनि हालसम्म जारी हुन सकेको छैन। यसले गर्दा देशभरका ७५३ स्थानीय तहमा कार्यरत



कर्मचारीहरूको सेवा-सुविधा, सेवा-सुरक्षा र वृत्ति विकास अन्योलमा परेको सञ्जालको भनाइ छ।

विज्ञप्तिमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ले सार्वजनिक गरेको 'संघीय निजामती सेवा विधेयक, २०८३' को मस्यौदाप्रति गम्भीर ध्यानाकर्षण जनाउँदै स्थानीय तहका स्थायी कर्मचारीका हकहित समुचित रूपमा सम्बोधन गर्न नसकिएको उल्लेख गरिएको छ।

सञ्जालले संघीय निजामती सेवा ऐन शीघ्र जारी गर्न सरकारको तदारुकतालाई स्वागतयोग्य कदमका रूपमा लिएको भए पनि प्रस्तावित विधेयकमा आवश्यक संशोधन गरी स्थानीय तहका कर्मचारीको सेवा-सुरक्षा, सुविधा र भविष्य सुनिश्चित गर्न माग गरेको छ। साथै, कर्मचारीमैत्री र संघीयताको मर्मअनुकूल कानुन निर्माण गर्न सरकारलाई आग्रह गरिएको छ।

जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔ ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

ठोरी गाउँपालिका, ध्याङडाँडा, पर्सा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका